# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भंगहा, महोत्तरी

पत्र संख्या :-०७६।७७

चलानी नं.

प्रदेश नं.२, नेपाल

मिति:२०७६।१०।०३

## सुपरीवेक्षक र गणक पदका लागि करारमा पदपूर्ति सम्बन्धी सूचना

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको चालु आ. ब. मा **"गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम"** सञ्चालन गर्नका लागि गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ बमोजिम यस नगरपालिकाको लागि १ जना सुपरिवेक्षक र ७ जना गणक करार सेवामा आवश्यक परेकोले निर्धारित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक संख्या | परीक्षा शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | सुपरीवेक्षक (पाँचौ सहायक) | १ | ५००।- | |
| २. | गणक (चौथो) | ७ | ३००।- | |

- <u>सुपरीवेक्षकका लागि आवश्यक योग्यता:</u>
  १. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सोसरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
  २. उमेर १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
  ३. यस नगरपालिका क्षेत्रका उमेदवारलाई प्राथमिकता दिइने ।
- <u>गणकका लागि न्यूनतम योग्याता:</u>
  १. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
  २. उमेर १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
  ३. यस नगरपालिका क्षेत्रका उमेदवारलाई प्राथमिकता दिइने छ।
- <u>फारम दस्तुर</u> कुमारी बैंक भंगहा शाखामा रहेको यस कार्यालयको राजश्व खाता नं.०७८००३५०१८२००००४ मा जम्मा गरी सक्कल भौचर दरखास्त फारमका साथ पेश गर्नु पर्नेछ ।
- <u>परीक्षाको किसिम:</u> कम्प्युटर सीप परीक्षण र अन्तवार्ता ।
- <u>दरखास्त दिने अन्तिम मिति:</u> २०७६/१०/०९ गते सम्म ।
- **सुपरीवेक्षक र गणकको पदावधि सम्झौता भएको मितिले बढीमा ५ महिना सम्म कायम रहने छ। निजहरुले उक्त अवधिमा <u>गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५</u> मा उल्लेख भए बमोजिमको कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने छ ।**
- <u>सेवा सुविधा:</u> सम्झौतामा उल्लेख भए बमोजिम ।
- <u>अन्तरवार्ता मिति:</u> पछि सुचना प्रकाशन गरिनेछ ।
- दरखास्त फारमका साथ शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरीकताको प्रमाणपत्र, कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्तिको प्रमाण पत्रको प्रतिलिपि र ३ प्रति फोटो संलग्न गर्नुपर्ने छ ।
- अन्तरवार्तामा आउँदा सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ ।
- यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- विस्तृत जानकारीको लागि भंगहा नगरपालिका कार्यालयको webside www.bhangahamun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत